श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना १

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११. क ले दिएको अधिकार प्रयोग गरी विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा जाँचवुझ र अनुसन्धान गर्नको लागि बागमती अञ्चलको जिल्लाहरूको हकमा अर्थ मन्त्रालय राजश्व अनुसन्धान विभागका का. मु. महानिर्देशक श्री लोकमान सिंह कार्कीलाई र अन्य अञ्चलका जिल्लाहरूको हकमा सम्बन्धित जिल्लाका प्रहरी नायव उपरीक्षक, प्रहरी नायव उपरीक्षक नभएका जिल्लामा प्रहरी निरीक्षक र प्रहरी निरीक्षक पनि नभएको जिल्लामा प्रहरी नायव निरीक्षकलाई अनुसन्धान अधिकारी तोकिएको छ ।

खण्ड ४१, अतिरिक्तिङ्क ३६ (क) मिति २०४८।६।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५०।४।२० को निर्णयानुसार राजश्व अनुसन्धान विभागमा रिक्त रहेको महानिर्देशक (रा.प. प्रथम श्रेणी) को पदमा उपसचिव श्री लोकमानसिंह कार्कीलाई कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारको मिति २०५०।४।२० को निर्णयानुसार राजस्व प्रशासन तालिम केन्द्रमा रिक्त रहेको तालिम प्रमुख (रा.प. प्रथम श्रेणी) को पदमा संयोजक (रा.प. द्वितीय श्रेणी) श्रीमती सावित्री राजभण्डारीलाई कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३६